# गाउँसभाको बैठकमा

# अध्यक्ष श्री कुमारी बराल गौतमद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०७८/०७९ को

# सिस्ने गाउँपालिकाको नीति तथा कार्यक्रम

## सिस्ने गाउँपालिका

रुकुमकोट, रुकुम (पूर्व)

२०७८ असार १०

सिस्ने गाउँपालिका

**सिस्ने गाउँपालिका उपाध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, सिस्ने बासी तथा सम्पूर्ण महानुभावहरु,**

नेपालको संविधान बमोजिम स्थानीय तहको सरकारको तर्फबाट यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७८।०७९ को सिस्ने गाउँ कार्यपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेको छु। यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, माओवादी जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै गणतन्त्रको स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान वीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै, घाइते, अपाङ्गहरुको त्याग र बलिदानलाई उच्च सम्मान प्रकट गर्दछु। साथै विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण मृत्यु भएका मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु र कोभिड-१९ बाट संक्रमित हुनु भएका व्यक्तिहरुप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

**परिचयः**

**१** नेपाली जनताको सात दशक लामो संघर्षपछि संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक हक र मानव अधिकार, नागरिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन्। राष्ट्रिय एकता, समता र समन्यायका साथ समाजवाद उन्मुख आर्थिक समृद्धि कायम गर्न अधिकार, साधन, स्रोत, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण गरी सार्वभौमसत्तासम्पन्न जनतालाई वास्तवमै अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ।

**२** सिस्ने गाउँपालिका साविकका सिस्ने, प्वाङ, पोखरा गाविस पुरै र रुकुमकोट गाविसको वडा नं. ४ बाहेकका ८ वटा वडा तथा स्यालापाखा गाविसका वडा नं. ३ र ४ बाहेकका ७ वटा वडा समावेश भएर सिस्ने गाउँपालिका ३२७.१२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ भने २१,४७३ जनसंख्या रहेको छ। स्थानीय तहको निर्वाचनबाट यस गाउँपालिकाको गाउँसभा र कार्यपालिका गठन पश्चात ४ आर्थिक वर्षको बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत भई कार्यान्वयन समेत भईसकेको छ। संघीयता र स्थानीय सरकारका माध्ययमबाट लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई गाउँगाउँमा सिंहदरबारको अवधारणालाई मूर्तरुप दिने चुनौति र अवसर हाम्रो काँधमा छ।

**३** आ. व. २०७८।०७९ मा गुरु योजना र सिस्ने गाउँपालिकाको आवधिक योजनामा उल्लेख गरिएको मापदण्ड अनुसार शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार र युवा तथा खेलकुद विकास कार्यलाई अगाडी बढाईनेछ ।

**४** आ व २०७८।०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधान, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकारका विभिन्न मन्त्रालयको बजेट सिलिङ तथा

मार्गदर्शन, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन (परिमार्जित), २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं प्राप्त मार्गदर्शन तथा निर्देशनहरु, विषयगत समितिबाट प्राप्त सुझावहरु, वस्ती तथा वडा भेलाका माग तथा सुझावहरु, माथि उल्लेखित दिग्दर्शनका अधिनमा रहेर तर्जुमा गरिनेछ।

५ यस आर्थिक वर्षमा सञ्चालित योजनाहरु अधुरो रहेका योजनाहरु, यथार्थपरक आवश्यकता र प्राथमिकतामा आधारित विकास योजनामा लगानी गरी नतिजामुखी र उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्ने नीति अख्तियार गरिनेछ। छरिएका टुक्रे विकासलाई निरुत्साहन र बृहत क्षेत्र समेट्ने समग्र योजनालाई प्राथमिकता दिईनेछ।

६. गाउँपालिका भित्र सञ्चालन हुने हरेक गतिविधिलाई एकद्वार प्रणाली बमोजिम सञ्चालन र नियमन गरिनेछ। कुनै पनि सरकारी, गैरसरकारी संघ संस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र आयोजना कार्यक्रम संचालन गर्नु पूर्व गाउँपालिकाको स्वीकृती लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ। ती निकायबाट बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रममा आवद्ध हुनेगरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ र कार्यक्रममा हुने दोहोरोपना नियमन गरिनेछ।

६ गाउँपालिकाको समग्र विकासका लागि सरोकारवालाहरुसँग सुमधुर सम्बन्ध स्थापना गर्न आपसी समझदारी तथा समन्वयमा जोड दिइनेछ। विकासमा अनियमितता ल्याउने साना अवरोधलाई थोरै लगानीबाट हटाउन सकिने खालको भएमा On The Spot Treatment नीति अवलम्वन गरिनेछ ।

७ सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण निर्माण कार्यको भौतिक निरीक्षण मार्फत विकास कार्यलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाईनेछ। योजना छनौट तथा कार्यान्वयन प्रक्रियालाई सहभागितामूलक बनाउन सबै पक्षका सल्लाह, सुझाव र बिचारलाई समेटिनेछ।

८ लक्षित वर्गका कार्यक्रमलाई वास्तविक लक्षित वर्ग प्रत्यक्ष लाभान्वित हुने गरी उत्पादनमूलक बनाईनेछ। गाउँपालिका भित्रका परम्परागत स्थानीय उत्पादनलाई आधुनिकीकरण गर्दै रोजगारी सृजना मार्फत आय वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

९ स्थानीय तहको सरकारले कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक समितिको रुपमा न्यायिक अधिकार सूची भित्रका विषय कार्यान्वयनको दिशातिर उन्मुख हुदै समृद्ध र समुन्नत सिस्ने गाउँपालिका निर्माणका लागि यथाशीघ्र विस्तृत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ।

१० समृद्ध सिस्ने गाउँपालिका निर्माणका लागि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाईनेछ।

११ राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। **"हामिले तिरेको कर हाम्रै विकासका लागि"** भन्ने नाराका साथ सबै पेशा व्यवसायलाई करको दायरामा समेटिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सो भन्दा बढी राजश्व सङ्कलन गर्न सफल वडालाई प्रोत्साहन स्वरुप बजेट बाँडफाँट गर्दा बढी बजेट उपलब्ध गराईनेछ। बजेट विनियोजन गर्दा वडागत आवश्यकता र प्राथमिकताका साथै जनसंख्या, भूगोल, पूर्वाधार, संकलित राजश्व लगायत वस्तुगत तथ्य र तथ्याङ्कका आधारमा संविधानले निर्दिष्ट गरेका लक्ष्य हाँसिल गर्ने गरी तय गरिनेछ। बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धि, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ। सो संगै बार्षिक खरिद गुरुयोजना तयार गरिनेछ।

१२ दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र वस्ती स्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामिण सडक, उर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित योजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ।

१३ गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाईनेछ। जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कार साथै तालिमको व्यवस्था गरिनेछ ।

१४ विना धितो कृषकहरुलाई व्यवसायिक ऋणको व्यवस्था तथा कृषि सामाग्रीहरुमा लाग्ने कर छुट सम्बन्धी व्यवस्था गर्ने। कृषि उपजलाई सहज बजार सम्म पुऱ्याउनको लागि कृषि समूह सहकारी मार्फत सुलभ पसलको व्यवस्थापन गरिनेछ।

१५ गाउँपालिकामा उत्पादित महलाई ब्राण्डिङ गरी बिक्रि वितरणका लागि सहकारी सँगको साझेदारीमा ल्यावको सञ्चालन गरिनेछ।

१६ फलफुल भण्डारणको लागी साना खालका संकलन केन्द्र, वडास्तरमा बनेकोले तीनैलाई व्यवस्थित गर्दै जिल्ला स्तरकै कोल्ड स्टोर रुकुमकोटमा निर्माण गरिनेछ ।

१७ कृषि उपजलाइ सहज बजारको कृषि उपजको न्युनतम समर्थन मूल्य तोकी सहकारी वजार विकासको कार्यक्रम सञ्चालन गरिने छ ।

१८ अर्गानिक खेती विकास एवं विस्तारको लागि प्राङ्गारिक मल उत्पादन तथा व्यवस्थापन गर्न कृषकलाइ गोठ सुधार कार्यक्रमलाइ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

**१९** छिपखोला कम्युन नमुना कृषि खेती रुकुमकोट नमुना तरकारी खेती र स्यालापाखा स्मार्ट कृषि कार्यक्रम सञ्चालन गरिने छ।

**२०** युवा जनशक्तिलाई व्यवस्थापनको लागि सिप मुलक तालिम गराइने आर्थिक उत्पादन वृदि गर्ने कार्यमा जोड दिइने साथै कृषि व्यवसायमा आत्मनिर्भर बनाउनको लागि प्रदेश सरकार, संघ सरकारसँग समन्वय गरी विना धितो ऋण अनुदानलाइ सहजिकरण गरिने छ।

**२१** एक गाउँ एक पारिवारीक खेती कार्यक्रम लागु गरी कार्यान्वयमा ल्याइने छ।

**२२** कृषि बिमा निःशुल्क रुपमा सञ्चालन गरिनेछ।

**२३** लोपोन्मुख स्थानीय पशुपन्छीहरुको संरक्षण केन्द्र स्थापना गरिने छ।

**२४** पशु आहाराको लागि डाले तथा भुईघाँस नर्सरी स्थापना गरिने छ।

**२५** एक घर १२ (बाह्र) फलफूलजन्य बिरुवा अनिवार्य रुपमा रोप्ने हुर्काउने र एक घर एक पारिवारिक खेती प्रणाली लागु गरिनेछ। तर मुख्य सहरी क्षेत्रमा १८० वर्ग मिटर जग्गा हुनेले २ वटा फलफूलका बिरुवा अनिवार्य रुपमा रोप्ने नीति लागु गरिनेछ। साथै सरकारी कार्यालय र विद्यालयहरुमा ५० वटा फलफूलका बिरुवा अनिवार्य रुपमा रोप्ने हुर्काउने वातावरण सृजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**२६** कृषि व्यवसाय प्रवर्द्धनमार्फत गरिबी र बरोजगारी हटाउन सिस्ने गाउँपालिकाका विभिन्न **पकेट क्षेत्र**, विकासका पकेट क्षेत्र विशेष कार्यक्रम ल्याईनेछ। मल विउ तथा ढुवानी कार्यलाई सहज र व्यवस्थित बनाईनेछ। कृषकहरुलाई सीपयुक्त बनाई कृषि पेशाको आधुनिकीकरण र व्यवसायिकरण गर्ने क्षमता विकास तालिमको व्यवस्थाका साथै कृषि यान्त्रिकिकरणका लागि अनुदानको व्यवस्था गरिनेछ ।

**२७** किसानहरुले स्थानीय विशेषतामा आधारित उत्पादन गर्नेछन र बजार व्यवस्थापनका लागि सहकारीको माध्यम अपनाइनेछ। अर्थात "**उत्पादन गर्ने काम किसानको विक्री गर्ने काम सहकारीको**" भन्ने मान्यतालाई स्थापित गरिनेछ ।

**२८** महको उत्पादन वृद्धि गर्न मौरी कृषकहरुलाई प्रत्यक्ष फाइदा पुग्ने खालका प्याकेज कार्यक्रम ल्याइने छ।

**२९** यस गाउँपालिकामा पाईने यार्सागुम्बाको बिशेष संरक्षण गरिनेछ। यार्सागुम्बाको संरक्षणको लागि यार्सागुम्बाको बासस्थानको पहिचान तथा सिमाकंन र नक्साकंन समेत गरिनेछ। बार्षिकीरुपमा यार्सागुम्बाको संकलन परिमाण यकिन गरि सोही बमोजिम संकलन गरिनेछ।

**३०** माग र आवश्यकताको आधारमा आकस्मिक बाली उपचार शिविर सञ्चालन गरिनेछ । वेमौसमी तरकारी खेती एवं च्याउखेतीको लागि प्लास्टिक घर तथा सामग्री लगायत उपकरणहरु उपलब्ध गराईनेछ। अनुदान प्राप्त कृषि व्यवसायीहरुलाई निरन्तर व्यवसाय सञ्चालनका लागि नियमित हौसला र मार्ग दर्शनका माध्यमबाट प्रभावकारिता हाँसिल गर्न जोड दिइनेछ।

३१ गाउँपालिका भित्रका सम्पूर्ण किसानहरुको पहिचान गरी किसानहरुको लागि किसान परिचय पत्र वितरण गर्ने तथा हरेक पकेट क्षेत्रहरुमा माटो सुहाउँदो उत्पादन कार्यमा जोड गर्नका लागि विशेष अनुदानको व्यवस्थापन गरिनेछ ।

३२ स्थानीय खाद्यवस्तुको उत्पादन, प्रयोग र बजारीकरणमा विशेष जोड दिइनेछ । साथै गुणस्तरीय खाद्यवस्तुको प्रयोग र प्रवर्द्धनको लागि बजार अनुगमन तथा नियमनमा कडाइ गरिनेछ। पालिका सदरमुकाम भित्र सञ्चालन हुने अर्गानिक होटल तथा रेष्टुरेन्टलाई विशेष अनुदान दिइनेछ ।

३३ गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाको खोजि र पहिचान गर्नुका साथै अतिक्रमित जग्गा स्थानीय सरकारको मातहतमा ल्याउने व्यवस्था गरिनेछ।

३४ कृषि कार्यक्रम अन्तर्गत विपदका कारण क्षति बालिनालिमा क्षति पुऱ्याएमा क्षतिपुर्तिको लागि आकस्मिक कोष सञ्चालनमा ल्याइनेछ।

३५ कृषि कार्यलाई थप व्यवस्थित गराउनका लागि कृषि प्राविधिकहरु थप गरिनेछ ।

३६ गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री, पूर्वाधारयुक्त, गुणस्तरीय र सुशासनयुक्त बनाउनुका साथै शैक्षिक तालिका, परीक्षा प्रणाली, प्रतिवेदन र लेखाङ्कनलाई एकरुपता बनाईनेछ। शैक्षिक क्षेत्रमा देखापरेका कमिकमजोरी हटाई क्रमशः सुधार गर्दै लैजान सरोकारवाला पक्षहरुसँगको समन्वयनमा अनुगमन तथा नियमन कार्यमा जोड दिइनेछ।

३७ शिक्षण पेशामा अब्बल प्रतिभाहरुलाई प्रवेश गराउन विश्वविद्यालयबाट उत्कृष्ट अङ्क हासिल गरेका प्रतिभालाई विषय तथा आवस्यकताका आधारमा शिक्षण पेशामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गरिनेछ।

३८ विद्यालय विमुख तथा बालविवाहबाट पिडित किशोरीहरुका लागि जीवन उपयोगी शिक्षा कार्यक्रम सन्चालन गरीने छ।

३९ राष्ट्रिय पाठयक्रमले स्थानीय तहबाट निर्माण हुनेगरी छुटयाइएको कार्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं समसामयिक बनाउन सिस्ने गाउँपालिका स्तरको स्थानीय पाठयक्रम निर्माण गर्दा भोगौलिक अवस्था, ऐतिहासिक पृष्ठभूमि, जनसख्या, संस्कृति, पेशा व्यवसाय, सामाजिक मूल्य मान्यता र पर्यटनलाई प्राथमिकता दिने व्यवस्था मिलाईनेछ। आधारभूत तह कक्षा (६-८) को पाठ्यक्रम तयार गरी कक्षा ६ को पाठ्यपुस्तक लागु गरिसकेको अवस्थामा कक्षा ७ को पाठ्यपुस्तक तयारी गरी यसै वर्ष देखि कार्यान्वयनमा ल्याइनेछ।

४० शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकलाई विद्यालय स्तरमा समग्र शिक्षण सिकाइ व्यवस्थापनको नेतृत्वदायी भूमिकाको लागि जिम्मेवार गराउन र विषयगत रुपमा शिक्षकहरुको क्षमता विकास गर्न छोटा अवधिका तालिम सञ्चालन गरिनेछ।

४१  कोभिड १९ को कारण विद्यालयमा प्रत्यक्ष प्रभावित भएकोले विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी गर्न सञ्चारमाध्यमद्वारा भर्ना अभियान गरिनेछ। विद्यालयमा विद्यार्थी उपस्थितिलाई अभिवृद्धी गर्न सबै विद्यालयमा दिवाखाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४२ कार्यक्रमको सफलतालाई मूल्याङ्कन गरी प्रभावकारीताको आधारमा आगामी वर्षहरुमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान शिक्षक नियुक्ति, शिक्षक सरुवा तथा विद्यालय कर्मचारी नियुक्ति प्रक्रियालाई व्यवस्थित, नियमसंगत र पारदर्शी बनाउन जोड दिइनेछ। शिक्षा क्षेत्रमा नवीनतम प्रविधि र अनुकरणीय कार्यको अवलम्वन गर्ने उद्देश्यले शैक्षिक भ्रमण तथा अन्तरविद्यालय भेटघाटलाई जोड दिइनेछ। विद्यालयहरुको अनुगमन प्रतिवेदनका आधारमा विद्यालय सार्ने, मर्ज गर्ने, बन्द गर्ने र अनुमती प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्दै निरन्तरता दिइनेछ।

४३ हरेक विद्यालयमा बालशिक्षा कक्षा सञ्चालनका लागि न्युनतम विद्यार्थी संख्याको उपस्थिति समेतका आधारमा बाल शिक्षा कक्षा व्यवस्थापन तथा सञ्चालन गरिनेछ।

४४ गाउँपालिका भित्र कम्तिमा ३ विद्यालयमा फरक-फरक क्षेत्र तथा विषयगत प्राविधिक शिक्षा सञ्चालन नीति अन्तर्गत त्रिभुवन जनता मा. वि. छिप्रिदहमा इलेक्ट्रिकल इन्जिनियरिङ शिक्षा, रुक्मिणी मा.वि. रुकुमकोटमा शुद्ध विज्ञान विषयमा पढ्न विद्यार्थीहरु विचमै छोड्ने दरलाई कम गर्नको लागि छात्रवृत्तीको व्यवस्था गरिनुका साथै जनता मा. वि. पोखरामा सव इन्जिनियरिङ कोर्ष सञ्चालन भइरहेकोले त्यसको लागि आवश्यक प्रशिक्षकको व्यवस्थापन गरिने छ।

४५ बालबालिकाहरुको गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न र दलित, विपन्न परिवार तथा गरिबीले आक्रान्त, द्वन्द्वपिडित, कोभिड-१९ बाट अभिभावक गुमाएका र असहाय छात्रछात्रालाई शिक्षामा प्रोत्साहित गर्न पोशाक तथा शैक्षिक सामाग्री वितरणको माध्यमबाट बालबालिकाको सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

४६ विशेष कक्षा सञ्चालन भएका विद्यालयहरुमा सुस्तश्रवण, दृष्टिविहिन, न्यून दृष्टि र बहिरा छात्रछात्राहरुको लागि आवासको व्यवस्था गरिसकेकोले यसलाई पूर्ण रुपमा कार्यान्वयमा लगिनेछ।

४७ सिस्ने गाउँपालिकाभित्र रहेका सबै माध्यमिक स्तरमा बृहत्तर यौनिकता तथा प्रजनन स्वास्थ्य किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना गरी यस आ. व. मा ७ वटा विद्यालयलाई नमुना किशोरीमैत्री सूचना केद्रको रुपमा स्तरोन्नती गराइनेछ।

४८ किशोर किशोरीहरुको जीवनउपयोगी सिप विकासका लागि विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ।

४९ शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाई सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री,प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्था मिलाइने छ।

५० शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरुमा प्रतिस्पर्धा भावना जागरित गर्दै उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्न प्रधानाध्यापक विषयगत शिक्षक र विद्यार्थीलाई दण्ड र पुरस्कारको व्यवस्था मिलाइने छ।

५१ विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकुल परिमार्जन गर्नुका साथै आधारभुत तहको कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी कार्यान्वयन ल्याइनेछ ।

५२ स्वास्थ्य सम्बन्धी सन्देश एंव सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यरुपमा परिणत गर्न स्वास्थ्य, शिक्षा, सूचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिई जनस्वास्थ्य प्रवर्द्धन गरिने छ।

५३ गाउँपालिका भित्रका नागरिकहरुको स्वास्थ्यमा थप सहुलियत दिनको लागि आयुर्वेदिक औषधालय स्थापना गरि सकिएकोले यसको थप स्तरोउन्नतीमा जोड दिइने छ।

५४ गाउँपालिका भित्रका गर्भवति महिलाहरुलाई सतप्रतिशत गर्भवति जाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरी उनीहरुलाई नेपाल सरकारले दिने वाहेक थप प्रोत्साहन भत्तालाई निरन्तरता गरिने छ।

५५ सिस्ने गाउँपालिकामा जन्मने हरेक छोरीहरुको लागि शिक्षा स्वास्थ्यमा पहुँच बढाउन र बालविवाह न्युनिकरण तथा विभेद अन्त्य गर्नको लागि आव ०७७।०७८ मा लागु **गरिएको छोरी विमा कार्यक्रमलाई निरन्तरता** दिइनेछ ।

५६ गाउँ घर क्लिनिक र खोप क्लिनिकलाई थप व्यवस्थित बनाइनेछ ।

५७ रुकुमकोटमा स्थापना भएको जिल्ला अस्पतालमा ५० शैयाको अस्पताल भवन निर्माणको लागि आवश्यक सहयोग गरिनेछ ।

५८ सिस्ने गाउँपालिकाको वडा नं २ नायगाडमा ५ शैयाको गाउँपालिका अस्पताल शिलान्यास कार्य र डि. पि. आर. सम्पन्न भइ भवनको ठेक्का समेत सम्पन्न भइसकेको हुँदा तत्काल आवश्यक जनशक्ति र उपकरणहरुको व्यवस्थापन गरी अस्पताल सञ्चालनमा ल्याइनेछ ।

५९ गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गर्न पहल गरिनेछ। सक्षम एंव जवाफदेही, अनुगमन तथा नियमन संयन्त्र एंव प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न पहल गरिनेछ।

६० स्वास्थ्यसँग सम्बन्धित बहुपक्षीय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदृढ गर्दै राज्यको प्रत्येक नीतिमा स्वास्थ्यलाई मूल प्रवाहिकरण गर्न पहल गरिनेछ। महिला स्वास्थ्य स्वंय सेविकालाई प्रोत्साहन

भत्ताको व्यवस्थापन गत आ.व.मा भएकोलाई निरन्तरता दिइनेछ। साथै महिला स्वास्थ्य स्वयम सेविकलाई कामकाज गर्नमा सहजता पैदा गरिनेछ।

**६१** आमा समूहको नियमित बैठक भत्तालाई निरन्तरता दिइनेछ साथै उनीहरुलाई कोभिड १९ को रोगथाम र नियन्त्रणको लागि थप उत्प्रेरणा दिइनेछ ।

**६२** स्वास्थ्य क्षेत्रमा सिस्ने गाउँपालिकाको वडा नं ३ पोखरालाई *No Home Delivery* वडा घोषणा गरिनेछ साथै सिस्ने गाउँपालिकामा रहेका गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शुन्यमा झार्न विगत वर्षमा अपनाइएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै नि: शुल्क एम्बुलेन्स सेवा र पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

**६३** जटिलखालका सुत्केरी महिलाहरुको लागि गाउँपालिका स्तरीय विपद्कोष खडा गरिनेछ।

**६४** किशोर किशोरीहरुकालागि फरक आवश्यकतालाई मध्यनजर राख्दै पालिकाका सबै स्वास्थ्य संस्थाहरुमा क्रमश: किशोर किशोरीमैत्री स्वास्थ्य सेवा संञ्चालन गरिनेछ ।

**६५** स्वास्थ्य चौकी वा जिल्ला अस्पतालबाट १ (एक) घण्टा भन्दा बढी दुरी भएका वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाईको व्यवस्थापन र सञ्चालनमा निरन्तरता दिइनेछ ।

**६६** सबै स्वास्थ्य संस्थाहरुबाट परिवार योजनाका ५ वटै अस्थायी विधिहरु सर्वसुलभ तरिकाले सेवा प्रदान गर्ने सुनिश्चिता गरी प्रभावकारी सेवा प्रदान गरिनेछ ।

**६७** गाउँपालिका भित्र बौलाहा कुकुर जन्य जनावरहरुले टोकेमा सम्पूर्ण जनतालाई रेविज रोग रोकथामको लागि नि:शूल्क रेविज भ्याक्सिनको व्यवस्था गरिनेछ ।

**६८** सिस्ने गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टरलाई थप व्यवस्थित गरिनेछ ।

**६९** गाउँपालिकाको दुर्गम वडा सिस्ने १ का छात्रछात्रा मध्ये वार्षिक १ जनालाई ल्याव टेक्निसियन र एक जनालाई स्टाफ नर्स छात्रवृत्ति कोठामा पढाइनेछ ।

**७०** महिलाका लागि प्रजनन् स्वास्थ्य तथा ६० वर्ष पुगेका जेष्ठ नागरिकहरुको लागि घरदैलो घुम्ति शिविर मार्फत निशुल्क स्वास्थ्य उपचार गरिनेछ।

**७१** महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय व्यवसायी महिलाद्वारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको बजारमा पहिचान गराई विगतमा सञ्चालित ग्रामिण व्यवसायको निरन्तरता दिइनेछ।

**७२** जनयुद्धमा शहिद हुनु भएका शहिद परिवारहरुलाई शहिद परिवार सहकारी मार्फत शेर खरीद गरी व्यवस्थापन गरिनेछ।

**७३** लैङ्गीक हिंसा तथा विभेदहरु शून्यमा झार्न विभिन कार्यकम सञ्चालन गरिनेछ। गाउँपालिका भरका घरेलू तथा अन्य विभिद कारणले हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई उचित न्याय र परामर्श सहित

व्यवस्थापन गर्ने सेफ हाउस स्थापना भई सेवा सूचारु भईसकेकोले यसको थप सुधारका प्रयासहरु गरिने छ ।

७४ मानव बेचविखन, लैङ्गिक हिंसा, बालविवाह, असमान भेदभाव नियन्त्रण र व्यवस्थापनका लागि सामुदायिक संयन्त्रहरुलाई सशक्त रुपमा परिचालन गरिनेछ। जोखिममा परेका वर्गको राहत तथा उद्वारका लागि हिंसापिडित उद्दार कोष स्थापना गरिनेछ। सबै किसिमका बालश्रम, बालबिवाह, बालबालिका माथि हुने सबै किसिमका हिंसा, शोषण र दूर्व्यवहार अन्त्य गरी बालमैत्री गाउँपालिका निर्माणमा जोड दिइनेछ। हिंसा पीडित महिलाहरुका लागि निर्माणाधीन महिला सेफ हाउस आ.व. २०७६/०७७ मा संचालनमा ल्याइएको मा जसलाई थप व्यवस्थित गरी सेवा सञ्चालनमा निरन्तरता दिइनेछ।

७५ लैगिक हिंसापीडित तथा मनोसमाजिक परामर्शका लागि एक वडा एक सामुदायिक मनोसामाजिक परामर्शकर्ता अभियानलाई निरन्तरता दिइने व्यवस्था गरिनेछ।

७६ लैगिक हिंसा, बालविवाह, अनमेल विवाह, बहुविवाह जस्ता गलत अभ्यासहरुलाई शुन्यमा झार्न प्रदेश वालविवाह न्यूनिकरण रणनीतिलाई अवलम्बन गर्दै स्थानीय सरकारले ५ वर्षे वालविवाह अन्त्यका लागि नीति तथा कार्यक्रम  सञ्चालन गरिनेछ ।

७७ हिंसा पीडित महिलाको निःशुल्क कानुन उपचारको लागि तथा आयआर्जन कार्यक्रम सञ्चालन गरी पारिवारीक पूनर्मिलन महिला आत्मसमानका कार्यक्रम सञ्चालन गरिने छ।

७८ लैगिक हिंसा न्युनिकरण रोगथामको लागि सेवा प्रदायक तथा समुदायस्तरमा नागरिकहरुको साथै लैगिक हिंसा प्रभावितहरुको लागि तालिमको व्यवस्था गरी आत्मनिर्भर गराइने छ ।

७९ अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचयपत्र प्रदान गरी मध्यम अपाङ्गता भएका व्यक्तिहरुमा सिप तथा व्यवसायिकतामा जोड दिदै आत्मानिर्भर र सम्मानित जिवनयापनमा टेवा पुर्याइनेछ। पूर्ण अशक्त तथा उचित संरक्षकत्व नपाएका अपांगहरुलाई पूर्नस्थापनाको व्यवस्था गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरु माथि हुने सबै किसिमका दूर्व्यवहार अन्त्य गर्न कार्यक्रम ल्याइने छ।

८० दलित तथा पछाडि परेका वर्गलाई अगाडि बढाउनको लागि सिप मुलक तालिमको व्यवस्था गरी रोजगारी सृजना गरिने छ।

८१ ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गरी जेष्ठ नागरिकहरुलाई कानुन प्रदत्त सेवाको सहज पहुँच पुऱ्याउन सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिनेछ। जेष्ठ नागरिकको दिनभरीको समयलाई सहज बनाउन गाउँपालिका र सामुदायिक संयन्त्रको सहकार्यमा दिवा सेवा केन्द्रहरु संचालन गरिने छ। जेष्ठ नागरिकहरुलाई सम्मानजनक व्यवहार गर्ने युवा वर्गलाई जिम्मेवार बनाउन सचेतना मूलक कार्यक्रम ल्याइने छ।

८२ लोककल्याणकारी राज्यको अवधारणा बमोजिम गाउँपालिकाका विभिन्न विपद् प्रभावित असहाय विपन्न संरक्षण विहिन महिला वालबालिका जेष्ठ नागरिक अति असक्त अपांगहरुको संरक्षण तथा सहायताको व्यवस्था गरिनेछ।

८३ अति विपन्न, लोपोन्मुख र भूमिहिन सुकुम्बासी समुदायको वसोवासका लागी भूमी व्यवस्थापन गरिसकेकोले यस आवमा आवासको व्यवस्था गरिनेछ ।

८४ सिस्ने गाउँपालिकामा रहेका सम्पूर्ण विपन्न नागरिकहरुको घरमा खरको छाना हटाउने नेपाल सरकारको संघीय नीति अनुसार यस गाउँपालिकामा आ. व. ०७८।०७९ मा ३०९ घर धुरीलाई नागरिक सुरक्षित आवास अन्तरगत खरको छाना हटाइ जस्तापाता लगाइनेछ ।

८५ जनयुद्ध र जनआन्दोलनका शहिद तथा वेपत्ता परिवारजनका घाइते अपाङ्ग व्यक्तिहरुको परिचय खुल्ने आवश्यक प्रमाणको आधारमा पञ्जिकरण तथा अन्य सवै प्रकारका सिफारिस शुल्क शतप्रतिशत छुट हुने व्यवस्था निरन्तरता दिइनेछ । साथै जनजीविकामा सहयोग पुग्ने गरी प्याकेज कार्यक्रम ल्याइनेछ। योग्यता पुगेका व्यक्तिहरुलाई रोजगारीको क्षेत्रमा विशेष प्राथमिकता दिइनेछ ।

८६ सबै वडाका जनतामा सहज पिउने पानी पुऱ्याउन नयाँ खानेपानी आयोजना निर्माण र पुराना योजनाको मर्मत सम्भार गरी नियमित गराउनुका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ। स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहोरमैला तथा ढल ब्यवस्थापनमा विशेष ध्यान दिइनेछ। मुहान संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ। फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गिकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ।

८७ वाताबरण प्रदुषण नियन्त्रण सम्बन्धी स्थानिय निति तर्जुमा गरी कार्यान्वयन गरिने छ।

८८ खानेपानीका मुहानहरुको खोजि कार्य र डिपिआर गरी संरक्षणको कार्यमा जोड दिइनेछ ।

८९ स्वच्छ र प्रयाप्त खानेपानीको सुविधा नपुगेका शहरउन्मुख तथा दुरदराजका बस्तिमा खानेपानीको सुविधा पुर्‍याउन आवश्यक वजेटको व्यवस्था गरीने छ ।

९० सिस्ने गाउँपालिकामा बसोबास गर्ने जनतालाई स्वच्छ खानेपानीको व्यवस्थापन गरिनेछ। एकघर एक धाराको नीति क्रमशः लागु गरिनेछ ।

९१ सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ। क्रमशः पुर्ण सरसफाईयुक्त वडा तथा पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणाको प्रक्रिया अगाडी बढाइनेछ।

९२ सदरमुकाममा डम्पिङ साइडको व्यवस्थापन गर्ने कामलाई निरन्तरता दिइनेछ।

९३ सडक नपुगेका ठाउँहरुमा नयाँ ट्र्याक खोल्ने र ट्र्याक खोलिएका सडकहरुमा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरी अन्तर वडा र अन्तर गाउँ सम्म सडक सञ्चालनको सुनिश्चित गरिनेछ।

९४ रुकुमकोट लोरी लेकसम्म केवुलकार निर्माण र संचालनका लागि आवश्यक वजेट व्यवस्थाका लागि पहल गरिने छ।

९५ सिस्ने गाउँपालिकामा रहेका काठका पुल हटाइ झोलुगे पुल आयोजना कायर्कमलाई निरन्तरता दिइने छ ।

९६ गाउँपालिका र वडा कार्यालयहरुको भवन निर्माणका लागि न्यूनतम जग्गा प्राप्त भइ विस्तृत परियोजना प्रतिवेदन समेत तयार भएकोमा भवन निर्माण प्रक्रिया अगाडी बढाउन आवश्यक पहल गरिने छ। साथै निर्माणाधिन गा. पा. प्रशासनिक भवनको आर्थिक व्यवस्थापनको लागि संघीय सरकारसँग सहयोगको लागि पहल गरिनेछ बाँकी वडा कार्यालयका लागि जग्गा छनोट गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

९७ भवन निर्माण मापदण्ड कडाईका साथ पालना गर्ने गराउनुका साथै सुचना अभिलेखका लागि वजेट व्यवस्थापन गरीने छ ।

९८ विकास निर्माणका शिलसिलामा हुने जथाभावी डोजर र स्काभेटरको प्रयोग र उपभोक्ता समितिबाट अनियमितता कमी कमजोरीलाई निरुत्साहित गर्ने नीति लिईनेछ। जसका लागि मानवीय जनशक्ति र स्थानीय स्रोत साधनबाट निर्माण सम्पन्न नहुने योजनाहरुमा ठेक्का प्रक्रियाबाट निर्माण गरिनेछ ।

९९ रुकुमकोट- छिपखोला- किदा- लैपा- गुप्तदह- जाङ्गेथला- निगालपाटा- सिस्ने हिमाल वेश क्याम्प पदमार्ग निर्माण गरिनेछ ।

१०० हाल सम्म सडक संजालले नछोएको सिस्नेको वडा नं १ लाई सडक संजालसँग जोड्नका लागि सडक निर्माण (नयाँ ट्र्याक) आवश्यक वजेटको व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग पहल गरिनेछ।

१०१ सिस्ने हिमाल वेशक्याम्प-कैलाश ताल-खानि द्वारी-साङरे चौरी खर्क-सुनदह-पुपाल पदमार्ग निर्माण गरिनेछ।

१०२ रुकुमकोट भित्र रिङरोड रेडियल रोडहरुलाई क्रमशः नक्सांकन गरी सडकको मापदण्ड अनुसार अगाडी बढाइ स्तरोन्नती गरिनेछ। सडक पुल र झोलुङ्गे पुलहरुको मुख्य संजालको प्राथमिकता क्रममा रहेका सडक आयोजनाहरुको निर्माणलाई प्राथमिकता दिइनेछ।

१०३ **पहिचानयुक्त सहरी विकास तथा व्यवस्थापन प्राधिकरण** रुकुमकोट निर्माण गरी नमुना सहर निर्माण कार्यमा पहल गरिनेछ ।

१०४ सडकको दुवै तर्फ हरियाली कायम गर्न अनिवार्य रुपमा वृक्षारोपण गरिनेछ ।

१०५ गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरुको प्राविधिक लागत अनुमान र मूल्याङ्कन अंग्रेजी र नेपाली दुवै भाषामा हुने व्यवस्था नियमित गरिनेछ ।

१०६ सडक सञ्जालको पहुँच नपुगेको सिस्ने गाउँपालिकाको वडा नं. १ र २ मा सडक र मोटरेवल पुन निर्माणको लागि विशेष पहल गरिनेछ ।

१०७ सहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा कडाइका साथ कार्यान्वयन गरिनेछ। सामाजिक सांस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तीलाई व्यवस्थित बसोबासयुक्त र गतिशिल सहरमा रुपान्तरण गरिनेछ। उक्त योजनालाइ व्यवस्थित गर्न छिप्रिदह ढल निकास कार्यलाइ  निरन्तरता दिइने छ ।

१०८ सडक, खानेपानी, सिंचाईजस्ता पूर्वाधारका कार्यक्रमलाई दिगो रुपमा सञ्चालन गर्नका लागि मर्मत सम्भार कोष सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

१०९ पर्यटन क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक पर्यटन, युद्ध पर्यटन प्रवर्द्धनका लागि पर्यटकिय सम्पदाहरुको अध्ययन, अभिलेख संकलन, भाषा, कला, संस्कृतिको पहिचान, संरक्षण, विकास,सम्वर्द्धन र प्रचार प्रसारका लागि आवश्यक पूर्वाधार विकासमा  जोड दिइनेछ । साथै गुरुयोजना र गाउँपालिको आवधिक योजनामा उल्लेख भएका क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ। पर्यटकीय क्षेत्रहरु कमलदहको संरक्षणकालागि ब्रहा मन्दिरदेखि कुटुम्बुरी मन्दिर जानको लागि पुल निर्माण गरिनुका साथै कुटुम्बरीको व्यवस्थित मन्दिर बनाउने, कमलदह भित्र निर्माण गरिएको पञ्चायन मन्दिर निर्माण सम्पन्न भइसकेकोले सञ्चालन गर्ने, देउरालीगुफालाई व्यवस्थित गर्ने सिढी निर्माण लगायतका संरक्षण कार्यलाई जोड दिने, झुम्कामारे, सहिदपार्कलाई व्यवस्थित गर्ने, गुप्तादहमा पर्यटकहरु बस्ने आवास व्यवस्थापन गरी थप व्यवस्थित पार्दै लैजाने, सिस्ने हिमालको अध्ययन कार्य सम्पन्न गरिसकेकोले पर्यटक भित्र्याउनमा जोड गर्ने, छिपखोला जनकम्युनको डिपिआर तयार गर्ने, शहिद स्मृती नेटा पार्क गत २ आ. व. देखि निर्माण कार्य भइरहेकोले जसको निरन्तरता दिने तातोपानी संरक्षणको लागि डिपिआर तयार भएकोले संरक्षण कार्यलाई अगाडि बढाउने, ठाँटीडाडा युद्ध स्मारक संग्राहलय र छिप्रिदह संरक्षणको डिपिआर सम्पन्न गरिसकेकोले निर्माण कार्यलाई निरन्तरता दिन, मानव पाइला, कोट दरबार, लुस्पा ऋषि मन्दिर, देवरकाजी मन्दिर, भगवती मन्दिर, नाथिगाड मन्दिर, सिस्नेमा रहेका धार्मिक मन्दिरहरु लगायत सिस्ने गा. पा. भित्रका सम्पूर्ण मठ मन्दिरहरुलाई विशेष प्राथमिकता दिइनेछ।

११० पर्यटन प्रवर्धनका लागि गाउँपालिका भित्रका सबै पर्यटकीय क्षेत्रहरुमा आवश्यक पुर्वाधारको निर्माण तथा सूचना अभिलेखका लागि वजेट व्यवस्था गरिनेछ ।

१११ सिस्ने गा. पा.को हिमाली भेगमा पाइने अमूल्य जडिवुटीहरु जस्तै पाँच औले, जटामसि, खिरौलो, चिराईतो, पदमचाल, यार्सागुम्वा लगायतका जडीबुटीको संरक्षण तथा व्यवस्थापन गरिने छ ।

११२ वातावरण र जलवायु मैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा जलबायु अनुकुलन मार्फत पर्या पर्यटनको प्रवर्द्धनको लागि जोड दिइनेछ। वनक्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी बन्यजन्तु उत्पादन अभिबृद्धि गरिनेछ। सामुदायिक वन विकास कार्यक्रम निजि वन विकास कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ।

११३ युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आयआर्जनमा केन्द्रित गर्न तत्काल छोटो अवधिको तालिम दिइनेछ। युवा तथा खेलकुद क्षेत्रको विकासलाई प्राथमिकतामा राखिनेछ। साथै गाउँपालिका स्तरीय खेलकुद तथा कला संस्कृति संरक्षण सम्वर्द्धन गर्न पालिका स्तरीय प्रतियोगिता आयोजना गरिनेछ।

११४ युवाहरुको लागि खेलक्षेत्रमा आवश्यक संरचना निर्माणका लागि सबै क्षेत्रहरुमा कम्तिमा १ वटा खेलकुदग्रामको निर्माण तथा संचालन गरीने छ ।

११५ सिस्ने गाँउ पालिकामा रहेको वेरोगारी व्यक्तिहरु प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हालसम्म ७९२ जनालाइ रोजगार सृजना गरी सकेको र यस आ. व. मा १५३ जनालाइ १०० दिनको रोजगार दिइने छ साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट गरि कार्यान्वयनमा ल्याईनेछ।

११६ रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्तीको व्यवस्था गरिनेछ।

११७ प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुमा काम गर्ने श्रमिकहरुलाई कुनै पनि किसिमको चोटपटक वा दुर्घटना भएमा तत्काल उपचारका लागि प्रधानमन्तरी रोजगार कार्यक्रम उपचार कोषको व्यवस्थापन गरिनेछ।

११८ युवा विकास अन्तर्गत सिस्ने गाउँपालिकामा रहेका ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकिय क्षेत्रहरुको होडिङबोर्ड सूचना बोर्ड निर्माण गरी विभिन्न क्षेत्रहरुमा सूचना राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११९ सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पेशागत, अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै लगिनेछ। जनताको नजिकको सरकारको अनुभुति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाइ भ्रष्टाचार मुक्त र सुशासन युक्त बनाइनेछ। वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी कार्यको मासिक रुपमा गा.पा मा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ।

१२० सिस्ने गाउँपलिकामा कार्यरत एम. आई. एस. अपरेटर र फिल्ड सहायकहरुको लागि एक चौमासिक बराबरको पारिश्रमिक पालिकाको तर्फबाट उपलब्ध गराईनेछ।

१२१ पञ्जिकरण प्रणाली अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण सवै वडाहरुमा वैङ्किङ प्रणाली मार्फत गरिने छ साथै अन्य सेवालाई चुस्त दुरुस्त, व्यवस्थित, मर्यादित तवरले सबै सरोकारवालाहरुको पहुँच सम्म पुऱ्याउन विशेष जोड दिइनेछ ।

१२२ अनलाईन रजिष्ट्रेशन र कम्प्युटर बिलिङ्ग सिष्टम लागु गरिनेछ।

१२३ जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न क्षमता विकास योजना बनाईनेछ।

**१२४** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको लगानीमा सम्पन्न हुने २ लाख भन्दा वढी लागतका आयोजनाहरु आयोजना स्थलमा अनिवार्य रुपमा होडिङ बोर्ड राख्ने तथा सम्पन्न भएका आयोजनाहरुको नियमित सुरक्षा, संरक्षण र मर्मतसम्भारको व्यवस्था गरिनेछ।

**१२५** जनताको सूचनाको हकको प्रत्याभूति दिलाउन सूचना तथा तथ्याङ्क व्यवस्थापनको लागि सूचना अभिलेख केन्द्रको स्थापना गरिनेछ । गाउँपालिकाको सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। साथै गाउँपालिका यस मातहतका निकायवाट भए गरेका कामको स्वतप्रकाशन प्रशारण गर्नुपर्ने भए सोहि बमोजिम र माग गरी प्राप्त गर्ने सूचना नियमानुसार उपलब्ध गराइनेछ

**१२६** **डीजिटाइजेसन मार्फत शासकीय व्यवस्थामा सुधार** सूचना सञ्चारको पहुँच नपुगेका स्थानहरुमा संचार सेवा पुऱ्याउन विशेष निरन्तरता दिइनेछ ।

**१२७** गाउँपालिकाबाट प्रदान गरिने सेवा र सुविधामा प्रविधियुक्त (डिजिटाईजेसन) बनाई प्रभावकारी कार्यान्वयनका लागि बजारमा उपलब्ध नयाँ प्रविधिहरुको प्रयोग गर्ने गरी आवश्यक व्यवस्था गर्ने ।

**१२८** स्थानीय तहबाट सञ्चालित रेडियो पूर्वी रुकुम एफ.एम. र रेडियो रुक्मिणी एफ.एम. लाई सञ्चालन र व्यवस्थापनमा निरन्तरता दिइनेछ।

**१२९** सार्वजनिक संरचना निर्माण गर्दा जलवायु अनुकुलन तथा विपद् जोखिम न्युनिकरण दिगोपना कायम हुने गरी निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

**१३०** वडा नं ७ स्थित कौछेको भिरमा रहेको पहिरो नियन्त्रण तथा रोकथामको समस्या विकराल तथा जटिल रहेको र उक्त कार्यका लागि संघीय तथा प्रदेश सरकारसंग आवश्यक वजेट व्यवस्थापनका लागि पहल गरिनेछ।

**१३१** समृद्ध सिस्ने हाम्रो गन्तव्य भन्ने नारालाई साकार cपार्न सार्वजनिक, निजि र सहकारी क्षेत्रको संयुक्त प्रयासमा सरकारी तथा गैर सरकारी निकाय एंव अन्य स्थानीय तहसँग सह अस्तित्वमा सहकार्य र समन्वय गरी Covid-19 लगायतका महामारी नियन्त्रण गर्दै आर्थिक समृद्धि हासिल गर्न उच्च प्रयास गरिनेछ ।

**१३२** आकस्मिक रुपमा विपदबाट हुने क्षतिलाई न्यूनिकरण गर्न निर्माणपूर्व विपत न्यूनिकरण हुने प्रकृतिका डिजाईन स्टिमेट र निर्माण भैरहेको अवस्थामा समेत गुणस्तरीय कार्य गर्ने **Building Code** अनिवार्य लागु गर्ने नीति लिइनेछ ।

**१३३** आकस्मिक विपद तथा प्राकृतिक प्रकोपमा परेका व्यक्ति, समुदाय तथा संघ संस्थाहरुलाई तत्काल राहतको अनुभूति हुने गरी राहत सहयोग उपलब्ध गराउने नीति अनुरुप सवै वडाहरुमा विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।

**१३४** विपद व्यवस्थापन कोष सञ्चालन तथा प्रवाहद्धारा आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गरिनेछ।

१३५ उर्जा क्षेत्रको विकास, विस्तार र सम्वर्द्धन गर्न गाउँपालिका स्तरीय उर्जा कोष खडा गरी कार्यान्वयमा ल्याइनेछ ।

१३६ लक्षित वर्ग तथा समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाई प्रवर्द्धन गरिनेछ। औद्योगिक क्षेत्रमा बाह्य लगानी बढाउन आवश्यक नीतिगत कानुनी प्रशासनिक तथा आर्थिक सुधारको लागि प्रयास गरिनेछ।

१३७ साना तथा लघु उद्योग स्थापना गरी रोजगार सृजना गर्न औधोगिक ग्रामको विस्तृत सर्भे कार्य सम्पन्न गरिसकेकोले त्यसलाई थप व्यवस्थित गरी लगिनेछ।

१३८ गाउँपालिको वडा नं. १ मा विद्युतको पहुँच नभएकोले गत २ आ.व. मा डिपिआर तयार गरी लघु जलविद्युत आयोजनाको कामलाई निरन्तरता दिइनेछ । आयोजनाको निर्माण कार्य यहि आवमा सम्पन्न गरिनेछ।

१३९ लघु उधम विकास कार्यक्रम मार्फत वडाहरुमा छोटो मध्यम र लामो अवधिको सिप विकास तालिम सञ्चालन गरी स्वरोगार वृद्धि गरिने छ ।

१४० सबै संघ, प्रदेश र स्थानीय स्तरका सरकारी कार्यालयहरुसँग आवस्यक समन्वय सहकार्य र सहिष्णुताको भावना अनुरुप कार्य गर्दै अगाडि बढिने छ ।

१४१ गाउँपालिकाका कुनै पनि विषयगत तथा क्षेत्रगत कार्यक्रमहरु गर्दा स्वच्छता परियोजना कार्यक्रमसँग आवश्यक समन्वय र सहकार्य गरि सञ्चालन गरिनेछ ।

१४२ गाउँपालिका भित्र सञ्चालन हुने कार्यक्रमहरु गर्दा आवश्यक्ता अनुसार हुरेड कास्ट नेपाल, सु-आहार, UNFPA, UMN रुकुम कलष्टर, नेपाल जनजागरण मञ्च लगायतका संघ संस्थाहरुसँग सहकार्य र समन्वय गरि कार्यक्रम सञ्चालन गरिनेछ।

१४३ सिस्ने हिमालको फेदमा रहेको सिस्ने वेशक्यापमा झुप्पा चौरीपालन कार्यक्रम सञ्चालन गरिने छ।

१४४ गाउँ प्रहरी व्यवस्थापन कार्यलाई विशेष जोड दिई कार्यान्वयन प्रक्रिया अगाडी बढाईनेछ ।

**आगामी आ. व. २०७९।८० को प्रमुख नितिहरु निम्नानुसार रहनेछनः**

- शिक्षा श्रेत्रमा गुणस्तर र प्रभावकारी बनाउन जोड दिईनेछ।
- स्थानीय पाठ्यक्रम लागु गर्न कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रम निर्माण गरि पाठ्यपुस्तक तयार गरि कार्यान्वयनमा ल्याई निरन्तरता दिईनेछ साथै कक्षा १ देखि ५ को स्थानिय पाठ्यक्रम र पाठ्य पुस्तक निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकामा रहेका प्राविधिकधार र पालिकाको नमुना विद्यालयहरुको स्तरवृद्धि कार्यलाई निरन्तरता दिईनेछ।
- रुक्मिणी मा वि मा शुद्ध विज्ञान अध्ययन गर्ने छात्र छात्रालाई छात्रबृत्तीलाई निरन्तरता दिईनेछ।

- त्रिभुवन जनता मा. वि. मा सञ्चालित सुष्त मनस्थिती र कोट मा. वि. मा सञ्चालित श्रवणविहिन बालबालिकाहरुलाई आवासको व्यवस्था गरिसकेकोले थप व्यवस्थापनमा जोड दिईनेछ।
- शिक्षकहरुको लागि विषयगत आवाश्यकताको आधारमा तालिमको व्यवस्था गरिनेछ।
- छोरीबिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन आगामी आ. व. २०७९।८० मा पनि निरन्तरता दिईनेछ।
- सुत्केरीहरुलाई प्रोत्साहन भत्ता र यातायात खर्चलाई निरन्तरता दिईनेछ।
- निशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यालाई निरन्तरता दिईनेछ।
- सिस्ने गाउँपालिकाको ५ शैय्याको अस्पताल व्यवस्थापनलाई प्रभावकारी बनाउने र स्वास्थ्य चौकीहरुलाई बर्थिङ्ग सेन्टर ब्यस्थापनलाई प्रभावकारी बनाईनेछ।
- सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापन खोप केन्द्रलाई थप व्यवस्थापन गरिनेछ।
- नो होम डेलिभरी सेवालाई विस्तार गरि लगिनेछ।
- शुद्द खानेपानी व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।
- एक घर एक शुद्ध पानी धारा निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- विभिन्न विपद सम्बन्धी विपद कोष खडाकार्यलाई निरन्तरता दिईनेछ।
- पहिचानयुक्त शहरी विकास तथा व्यवस्थापन प्राधिकरण रुकुमकोट निर्माण गरि नमुना सहर निर्माण गरिनेछ।
- रुकुमकोटमा रहेका रिङ्गरोड, रेडियलरोडहरुलाई स्तरोन्नती गरिनेछ।
- छिप्रिदह शेराखेत ढल निकास, चोकबजार, रुलिखोला शेराखेत ढलनिकास कार्यलाई निरन्तरता दिईनेछ।
- रुकुमकोटमा रहेको बसपार्कलाई व्यवस्थित गरिनेछ।
- स्थानीय तहमा रहेको रेडियो पूर्वी रुकुम एफ. एम. लाई सञ्चालन र व्यवस्थापनलाई निरन्तरता दिईनेछ।
- सिस्ने गाउँपालिकामा रहेका महत्वपूर्ण पर्यटकिय स्थल कमलदह, थाटींडांडा युद्ध संग्राहलय निर्माण, नेटा शहिद स्मृति पार्क, सिस्ने हिमाल, गुप्त दह, तातोपानी देउराली ओडार (गुफा), झुम्कामारे शहिद पार्क, देवरकाजी मन्दिर, नाथिगाड मन्दिर लगायत सम्पूर्ण मठ मन्दिरहरुलाई संरक्षण र निर्माण कार्यलाई जोड दिईनेछ।
- सिस्ने गाउँपलिकामा रहेका स्थानिय सडकहरु, विद्युत, खानेपानी, सिंचाई, अस्पताल, मोटरेवल पुल, झोलुङ्गे पुल, कृषि चिस्यान केन्द्र, खेल मैदान, बसपार्क, पशु बधशालालाई निर्माण तथा मर्मत कार्यलाई प्राथमिकता दिईनेछ।

- हिंसा पिडित महिलाहरुको लागि सेफ हाउस मार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ।
- लक्षित वर्गहरु जस्तैः महिला, दलित, जनजाती, जेष्ठ, नागरिक, अपाङ्ग र बालबालिकाहरुको क्षमता अभिमुखिकरण तथा सिपमुलक तालिमलाई निरन्तरता दिईनेछ।
- बालबालिकाहरुको पोषण सुधार कार्यलाई निरन्तरता दिईनेछ।
- युवाहरुलाई बृद्धिविकास गर्नका लागि बिभिन्न सिप मुलक क्षमता अभिबृद्धि तालिम दिने खेलकुद श्रेत्रमा विकास गराउनका लागि आवश्यक व्यवस्थापन गरिनेछ।
- सिस्ने गाउँपालिकाको कृषि पकेट क्षेत्र अनुसार अर्गानिक कृषि खेतीलाई जोड दिईनेछ। एक घर एक पारिवारीक खेतीलाई प्राथमिकता दिईने वडागत रुपमा छुट्याईएको बाख्रापालन, भेंडापालन, चौरीपालन, भैंसीपालन, तरकारी खेती, फलफुल खेती र मौरीपालन कार्यलाई थप प्रभावकारी बनाउने बिशेष अनुदान अन्तर्गत आएको बजेटलाई रुकुमकोट नमुना तरकारी खेती, स्यालापाखा स्मार्ट कृषि खेती, छिपखोला कम्युन खेतीलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाको न्यायिक समितिमको बारेमा जनतालाई सूसुचित गराई न्यायिक समितिबाट प्रदान गर्ने सेवा सुविधा छिटो छरितो निश्पक्ष र सहज पहुँचयोग्य बनाईनेछ।
- कोभिड १९ को महामारी विपदबाट बच्न व्यापक प्रचार प्रसार तथा पूर्व तयारी गरिनेछ यसका साथै विपदमा परेकालाई शिघ्र उद्दार र संरक्षण गरि उचित राहत प्रदान गरिनेछ।

अन्त्यमा, नेपालको संविधानले परिकल्पना गरे बमोजिम सबल स्थानीय सरकारको रुपमा विकास गर्न यससँगै ४ आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सघाउँने तथा हौसला र सुझाव प्रदान गर्ने सरोकारवाला सबैप्रति कृतज्ञता ज्ञापन गर्दछु।

सिस्ने गाउँपालिकाको आ. व. २०७८।०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने सुअवसर प्राप्त गर्दा नेपाल सरकार, प्रदेशसरकार, सवै राजनैतिक दल राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, शिक्षाकर्मी, बुद्धिजीवि, नागरिक समाज, निजीक्षेत्र, व्यापार व्यवसायी, आमसञ्चार जगत तथा सम्पूर्ण गाउँपालिका बासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद!

**कुमारी बराल (गौतम)**
**अध्यक्ष**
सिस्ने गाउँपालिका